स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता अनमोल केसी बिमारी परेका छन्। केही दिनदेखि उनलाई ज्वरोले सताएको छ। ज्वरोका कारण उनी केही दिनदेखि घरमा आराम गरिरहेको उनका बुबा भुवन केसीले जानकारी दिएका छन्। भुवनका अनुसार उनलाई बिहीबार स्वास्थ्य जाँचका लागि अस्पताल पनि लगिएको थियो। अनमोल बिरामी भएका कारण फिल्म 'जेरी अन टप' को ट्रेलरमा रिलिज कार्यक्रममा पनि सहभागी हुन सकेनन्।

**आजको विचार...**



आत्म...
*(दुई पेजमा)*

डा राम कृष्ण तिमल्सेना

गायिका एलिना चौहानले आफ्नो विषयमा भइरहेको अनावश्यक आरोप र अफवाह रोक्न सबैमा अनुरोध गरेकी छन्। गायक प्रताप दाससँग नाम जोड्दै 'सुन्दर जोडी'को रुपमा टीकाटिप्पणी भइरहेपछि उनले यस्तो धारणा राखेकी हुन्। उनी सामाजिक सञ्जालमा लेख्छिन्, 'के हरेक कुराको प्रमाण माग्नु आवश्यक छ ? दाइ-बैनीको सम्बन्ध हामीले पवित्र रुपमा निभाएका छौं। कृपया अनावश्यक आरोप र अफवाह फैलाउन रोक्नुहोस् र हामीलाई शान्ति दिनुहोस्।'



❒ वर्ष ३१ ❒ अंक ८० ❒ २०८२ असोज २५ गते शनिबार 11 October 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### हेलिकप्टर दुर्घटनाहुँदा पाइलटको मृत्यु



**(रासस/सिन्ह्वा)**

**सिड्नी,** असोज २४/अस्ट्रेलियाको सुदूर उत्तरी क्षेत्रमा बिहीबार राती हेलिकप्टर दुर्घटना हुँदा एक जना यात्रुसहित पाइलटको मृत्यु भएको क्विन्सल्यान्ड प्रहरी सेवा (क्युपिएस) ले जनाएको छ । अष्ट्रेलियाको क्वीन्सल्याण्ड राज्यको आपतकालीन सेवाहरूले बिहीबार नै दुर्घटना क्षेत्र वरपर खोजी र उद्धार अभियान सुरु गरेको थियो । हेलिकप्टर, एक रोबिन्सन राज्यको सुदूर उत्तर क्षेत्रको ब्रिस्बेनबाट एक हजार ७०० किलोमिटर उत्तरपश्चिममा यागुनाको सानो दुर्गम क्षेत्रमा घर फर्कन नसकेर दुर्घटनाग्रस्त भएको पाइएयो । हेलिकप्टरको भग्नावशेष अधिकारीहरूले शुक्रबार बिहान ८:३० मा मात्र पत्ता लगाएको क्विन्सल्यान्ड प्रहरीले विज्ञप्ति मार्फत जनाएको छ । प्रहरीले हेकिकोप्टरमा पाइलट र एकमात्र यात्री, रहेको तथा दुबै जना व्यक्ति, मृत अवस्थामा फेला परेको पुष्टि गरेको छ । दुर्घटनाको वरपरका परिस्थितिहरू आधारमा दुर्घटनाको कारण बारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


# कृषिमा रमाउँदै पाल्पाका युवा

**सीमा भट्टराई**

**पाल्पा,** असोज २४/पछिल्लो समय शिक्षा तथा रोजगारीका लागि दिनप्रति हजारौँ सङ्ख्यामा युवाहरू विदेश पलाएन भइरहेको वेला पाल्पाका केही युवाहरू भने उदाहरणीय रूपमा व्यावसायिक कृषिमा रमाइरहेका छन् ।

तानसेन नगरपालिका -१२ का यादव प्रसाद घिमिरे गाउँमै कृषि कर्मबाट मनग्य आम्दानी गर्दै आएका छन् । कक्षा १२को अध्ययनपछि कोरिया जाने तयारीमा रहेका घिमिरे विदेशको सपना त्यागेर कृषि कर्ममा लागेका हुन् । उनले अहिले विवेक कृषि तथा पशुपालन फर्म दर्ता गरेर व्यावसायिक कृषि गरिरहेका छन् । उनले १७ रोपनी जग्गामा तरकारी, मौसमी फलफूल उत्पादन गर्दै आएका छन् । घिमिरेले मौसमी फलफूल केराका ६ हजार, दराईका एक हजार बोट र अन्य तरकारी लगाएका छन् । घिमिरेले भैसी पालन समेत गर्दै आएका छन् । कृषिबाट घिमिरेले वार्षिक ६ लाखसम्म आम्दानी गर्दै आएको बताउँछन् । वर्षभरि घरपरिवारसँगै बसेर काम गर्दा लाखौं आम्दानी गर्न सकिने भएकाले विदेश गएर परिश्रम गर्नुभन्दा स्वदेशमै स्वरोजगार बन्नु उपयुक्त हुने घिमिरेले सुझाए । कृषिबाटै राम्रो भविष्य रहेको भन्दै उनले गाउँमा भएका बाँझो जमिन समेत लिजमा लिएर व्यवसायलाई थप विस्तार गर्ने योजना बनाएको बताए ।









**अनुदानबाट उत्प्रेरित**

तानसेन -१२ अवलका ३४ वर्षीय युवा नारायण राना पनि कृषि पेसामै रमाएका छन् । भेटनरी अध्ययन गरेका उनी २०६८ सालदेखि नै मौसमी तरकारी उत्पादन गर्नुको साथै बाखा, कुखुरा, बगुंर पालन गर्दै आएका छन् । गएको वर्ष उनले कृषि र पशुपालनबाट ३ लाख आम्दानी गरेको बताए । उनले भने "पहिलो पटक २०६९ मा पशु अस्पताल तथा विज्ञ केन्द्र पाल्पाबाट अनुदान पाएको थिए । त्यही अनुदानबाट मलाई व्यावसायिक कृषि, पशुपालनमा लाग्न उत्प्रेरित गरेको हो ।" विदेश जान मन नलागेर कृषिमा लागेको उनले बताए । "भविष्य यसमै देखेर व्यावसायिक रूपमा कृषि, पशुपालनमा लागेको हुँ" उनले भने । नेपाली विषयमा डिग्री हासिल गरेका तानसेन -७ काजीपौवाका गम्बीरजंग रायमाझीलाई पनि पैसा कमाउन विदेश पलायन हुने सोच कहिल्यै आएन । बरु गाउँघरमै आफ्नो बारीमा खेती गर्न पाउँदा उनी औधी रमाउँथे । १६ वर्ष उमेरदेखि नै व्यावसायिक कृषिमा लागेका रायमाझीको दैनिकी बारीमा फल्दै गरेका कृषिजन्य उपजको रेखदेखबाट सुरु हुन्छ ।

*-बाँकी अन्तिम पेजमा...*

## ढिलो गरिएको रोपाइँमा बाढीको प्रहार



**काठमाडौं,** असोज २४/यस वर्ष ढिलो गरी भएको धान रोपाइँमा पछिल्लो पटक बाढीको प्रहार परेको छ । असोज १७ र १८ मा आएको अविरल वर्षाले विभिन्न क्षेत्रमा तटबन्ध मात्र करिब १५ सय मिटर कटान गरेको पाइएको छ । यसले करिब १० करोडभन्दा बढी क्षति पुगेको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको प्रारम्भिक अध्ययनले देखाएको छ ।

नदी कटान, डुबान तथा बाढीले धान खेत, पशुलगायतमा पनि प्रत्यक्ष असर पारेको छ । 'अविरल वर्षापछिको बाढीपहिरोले धान बाली, पशु, कृषि पूर्वाधारमा क्षति पुगेको छ । क्षतिको यकिन गर्न एउटा फर्म्याट बनाएर प्रदेश सरकार, बाली विकास निर्देशनालय र विभागहरूलाई पत्र पठाएका छौं,' कृषि मन्त्रालयका प्रवक्ता जानुका पण्डितले भनिन्, 'जिल्ला, पालिका र निकायबाट विवरण संकलन गर्न करिब एक साता लाग्छ ।' मुलुकभर १३ लाख ७६ हजार ४ सय ६६ हेक्टरमा धान रोपाइँ हुन्छ । यस वर्ष १३ लाख ६ हजार २ सय ९३ हेक्टरमा रोपाइँ भएको छ । गत वर्ष भदौ ७ सम्म ९८.५४ प्रतिशत धान रोपाइँ भएको कृषि मन्त्रालयको तथ्यांक छ । यस पटक २०८२ भदौ ८ सम्म ९४.९ प्रतिशत मात्रै रोपाइँ भएको छ । सबैभन्दा धेरै धान फल्ने मधेश प्रदेशमै रोपाइँ कम भएको छ । ८६.३५ प्रतिशत मात्रै रोपाइँ भएको छ । गत वर्ष मधेशमा ९७ प्रतिशत रोपाइँ भएको थियो । मधेशमा ३ लाख १९ हजार ६ सय २६ हेक्टरमा धान रोपाइँ भएको छ ।

## सामूहिक खेतीबाट मनग्य आम्दानी गर्दैं महिला

**देउखुरी (दाङ),** असोज २४/पछिल्लो समय दाङका महिला सामूहिक खेतीमा लागेका छन् । घोराही उपमहानगरपालिका-८ कटुकी सेवारमा रहेको जनचेतना महिला कृषक समूहले सामूहिक खेती गरेर मनग्य आम्दानी गरेका छन्र घोराही उपमहानगरपालिका-८ कटुकीका वसन्ती चौधरी समूहमा आबद्ध भएको दुई वर्ष भयो । उनि जनचेतना महिला कृषक समूहको कोषाध्यक्ष हुन् ।



समूहमा रहेका २० जनाले सामूहिक खेती गर्ने गरेको उनले बताईन् । उनले भनिन्, "सोही वडामा २५ कठ्ठा जमिन भाडामा लिएर आलु र प्याजखेती गरेका थियौं, आलु उत्पादन राम्रो भयो र प्याज पनि राम्रो भएको छ, दुईवटा टनेल बनाएर तरकारीखेती गरेका छौं ।" कृषि ज्ञान केन्द्रले लक्षित वर्गका लागि बजेट सहयोग गरेको छ । सोही कार्यालयले २० जनालाई रु २० हजारका दरले बीउपुँजी सहयोग गरेको उनले बताईन् । समूहमा आबद्ध भएपछि सरकारी कार्यालय र अन्य कार्यालयमा केके कार्यक्रम आउँछन्, त्यसका बारेमा जानकारी हुने गरेको र अनुदानका लागि फारम भरेको उनले बताईन् । समूहका अध्यक्ष देउकुमारी चौधरीले आफ्नो र भाडामा लिएको जमिनमा सामूहिक खेती गरेको बताईन् ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## अव सबै गम्भीर बनौं

अझै पनि देशले निकास पाउँने आशा अत्यान्त्यै न्यून रहेको अनुभूति हुदै गएको छ । देशले निकास पाउँने आशा र भरोशामा बसेका नेपालीहरु झन भन्दा झन समस्याबाट ग्रस्त हुने त्रास झनै बढे पछि आर्थिक, सामाजिक क्षेत्र थला परेको अनुभूति हुदै छ । जेन–जी आन्दोलन पछि गुप्तबास भएका कतिपय नेताहरु सार्वजनिक हुदैं छन् । बिभिन्न निकायबाट सेवाप्रवाह र यहाँ सम्म कि स्थानीय निकायहरु समेत के गर्दा कसो हुने हो, कहिले कहाँबाट कस्तो किसिमको आन्दोलन हुने हो ? भन्ने जिज्ञासाबाट मुक्त छैनन् । लगानीकर्ताहरु लगानीका लागि तत्पर देखिदैनन् । शैक्षिक क्षेत्रमा यसको नकारात्मक प्रभाव निकै परेको छ । विद्यार्थीहरु अध्यायनमा भन्दा आन्दोलनको मुख ताकेर अब के हुन्छ, त्यही गर्ने भन्ने मनस्थितिमा छन् । विश्व विद्यालयहरु आ–आफ्ना अस्तित्वको खाजी सगै भौतिक सम्पत्तिको खोजीमा जुटेका छन् । कार्की सरकारले नयाँ सपना बोकेर जनताका आधारभूत आवश्यकतालाई पुरागर्छु भने पनि कुनै पनि प्रगति देखिएका छैनन् । निराशाका बादलहरु दिनहुं प्रतिस्पर्धात्मक शैलीमा कुदीरहेको आभास भएका छन् ।

दलहरु अन्यौलताको शिकार भएका बेला संसदको निर्वाचन हुने तिथि तय भएर पनि निर्वाचन हुने संकेत देखिदैन् । निर्वाचनमा सहभागि हुनुपर्ने पुराना दलहरु स्वयंमा घाईते भएका छन् । अब उनीहरु निर्वाचन स्वीकार गर्न सक्छन् या सक्दैनन् यसै भनि हाल्ने अवस्था देखिदैन । उत्पादन र आर्थिक क्षेत्र दिन प्रतिदिन थला परिरहेको आभास भएको छ । यस्तो अवस्थामा निर्वाचन कसका लागि अनि, त्यसको परिणामले कसरी सार्थकता पाउँला भन्ने आँकलन गर्ने अवस्था छैन । यी सबै समस्याहरु हामी नेपालीहरुले श्रृजना गरेका हुन, त्यस कारण समाधानका उपायहरु पनि हामी बीच बाटै खोजिनुपर्ने हुन्छ । अन्यथा हामीले खाली कुरा र योजना बुनेर मात्र हुदैन् । योजनाहरु कार्यान्वयन र गरीवीको रेखामुनि रेहेका आम नेपाली जनताका पक्षमा एक भएर नउभिदा सम्म यो देश बन्दैन् । जुन दिन सबै नेपालीहरु देश र आफ्ना मातृत्वको भावनामा एकताको सन्देश लिएर अगाडी आउँछन्, त्यही दिन देखि देशले कोल्टे फेर्ने छ । अन्यथा खाली आरोप र प्रत्यारोपमा मात्रै यो पुस्ताले समय खर्चियो भने, नयाँ पुस्ताका लागि कस्तो मुलुक हस्तान्तरण हुन्छ भन्ने कुरामा सबैले ध्यान दिनुको विकल्प छैन ।

### Opinion @ Social Network

समय, शक्ति, सम्पत्ति र शरीरले सधैं साथ
दिन सक्दैन, तर स्वभाव समझदारी र सच्चा
सम्बन्धले सधै साथ दिन्छ ।

*(सुमन थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Suman.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आत्मजागरणका लागि एकताको खाँचो



डा राम कृष्ण तिमल्सेना

*युवा नेतृत्वलाई अगाडि आउन प्रोत्साहित गरिनुपर्छ, ताकि उनीहरूले देशका चुनौतीहरू नयाँ दृष्टिकोण र उत्साहका साथ समाधान गर्न सकून् । अनुभवको मार्गदर्शन र युवाको जोससँगै रहेमा मात्र नेपालले स्थिर, प्रगतिशील र सुसंगठित राष्ट्र बन्न सक्छ । अभिभावक र सन्तानः यस यात्रामा अभिभावकहरूको भूमिका अतुलनीय छ ।*

नेपाल आज राजनीतिक रूपमा स्वतन्त्र छ तर व्यवहारमा र आत्मामा अझै दास छ । हामीले झण्डा र हात त उठायौं, तर चेतना उठाउन सकेनौं । देशको नाम लियौं तर फदयमा राष्ट्रको स्वरुप र नक्सा राख्न सकेनौं । सङ्कटको घडीमा हामी प्राय: अरूलाई दोष दिन्छौं -कहिले भारत, कहिले चीन, कहिले अमेरिका । तर सत्य के हो भने नेपाललाई कसैले हराइरहेको छैनस नेपाल आफैं आफ्नै कमजोरीबाट हराइरहेको छ । राष्ट्र निर्माण बाह्य शक्तिले होइन, हरेक नागरिकको जागरूक चेतनाले सम्भव हुन्छ । तल उल्लिखित केही विषयले यो अवस्था सिर्जना गराउन सक्नेछ : आफैंबाट सुरु हुने शासन: अर्कालाई दोष दिन सजिलो छ, किनकि यसले हामीलाई आफ्ना कमजोरीको सामना नगरी जोगाउँछ । दोष दिने संस्कृतिले हामीलाई आलोचक बनायो तर सर्जक बनाएको छैन । सङ्कटको घडीमा हामीले आफैँसँग सोध्नु पर्छ-“मैले के गरें रु” नेताको प्रतीक्षा गरिरहेका छौं तर नेता जन्माउने समाजको भूमिका बिर्सिएका छौं । संविधान र नीति बनाइयो तर अनुशासन र चेतनाको निर्माण नगरी मात्र नारा घन्कायौं । यही कमजोरी नै हाम्रो अस्थिरता र राजनीतिक असफलताको मूल कारण हो । भगवद्‌गीताले भन्छ- “उद्धरेदात्मना˘ त्मानं,” अर्थात् मानिसले आफैंलाई आफैंले उठाउनुपर्छ । नेपालको मुक्ति यही वचनमा निहित छ । बाह्य सहयोग वा सल्लाहले राष्ट्र बच्दैनस नेपालीको आत्मा जागृत हुनुपर्छ । जब किसानले आफ्नो खेत इमानदारीपूर्वक जोत्छ, शिक्षकले निष्ठापूर्वक पढाउँछ, न्यायाधीशले सत्य बोल्न डराउँदैन, युवाले राष्ट्रभन्दा माथि पार्टीको स्वार्थ राख्दैन, त्यही दिन नेपाल जाग्नेछ । आन्तरिक आत्म अनुशासनका क्षणमा मात्र देश र शासन स्थायी हुन सक्छ । रणनीति र विवेक: नेपाल दुई विशाल देश बीच अबस्थित छ । यसको भौगोलिक स्थिति संवेदनशील छ, तर त्यही संवेदनशीलता अवसरमा बदल्न सकिन्छ । विदेशी शक्तिहरू स्वभावत: आफ्नो स्वार्थ हेर्छन्स त्यसमा दोष छैन । तर हाम्रो कमजोरी भनेको भविष्यको दृष्टिकोण, रणनीति र निर्णय क्षमतामा छ । यदि हामी भावनात्मक प्रतिक्रियाभन्दा बुद्धिमतापूर्वक योजना बनायौं भने कुनै पनि बाह्य दबाबले हाम्रो अस्तित्वलाई खतरा पुऱ्याउन सक्दैन । राष्ट्रको सुरक्षा रणनीति केवल प्रतिरोध होइन, पूर्वदृष्टि र विवेकपूर्ण निर्णयमा आधारित हुनुपर्छ । सिंहदरबारभन्दा बाहिर जन्मिने शासन: नेपालको शासन सिंहदरबारमा मात्र जन्मदैन, प्रत्येक घर र फदयमा जन्मिन्छ । जब नागरिक आफ्ना दायित्वमा सत्य र निष्ठापूर्वक लागि पर्छन्, तब राष्ट्रको शासन स्वयम् पवित्र र बलियो हुन्छ । दोषको संस्कृतिले विभाजन ल्याउँछ भने योगदान र उत्तरदायित्वको संस्कृतिले एकता ल्याउँछ । अब समय आएको छ, अरूलाई दोष दिने संस्कृतिलाई छोडेर आफैं सुधार्ने, आफ्ना जिम्मेवारीलाई आत्मसाथ गर्ने संस्कृतिको विकास गर्नुपर्ने छ । राष्ट्रको पुनर्जागरण दोषबाट होइन, दायित्व र योगदानबाट हुन्छ । नेतृत्व र युवा शक्ति: राजनीतिक नेतृत्वका दृष्टिले पनि अब समय आएको छ । शीर्ष तहका नेता र वरिष्ठ राजनीतिक दलका सदस्यहरूले सक्रिय राजनीतिबाट पछि हटेर सलाहकारको भूमिका निर्वाह गर्नु आवश्यक छ । युवा नेतृत्वलाई अगाडि आउन प्रोत्साहित गरिनुपर्छ, ताकि उनीहरूले देशका चुनौतीहरू नयाँ दृष्टिकोण र उत्साहका साथ समाधान गर्न सकून् । अनुभवको मार्गदर्शन र युवाको जोससँगै रहेमा मात्र नेपालले स्थिर, प्रगतिशील र सुसंगठित राष्ट्र बन्न सक्छ । अभिभावक र सन्तान: यस यात्रामा अभिभावकहरूको भूमिका अतुलनीय छ । आफ्ना सन्तानलाई दोष दिने संस्कृति र आलस्यको बाटो होइन, जिम्मेवारी र सक्रियताको पाठ सिकाउनु पर्दछ । अभिभावकले स्वयं पनि उत्पादक र जिम्मेवार नागरिक बन्नुपर्छ, ताकि आफ्नो उदाहरणबाट सन्तानमा सकारात्मक संस्कार विकसित होस् । जेनरेशन जेडले अब पर्खाइ नगरी सक्रिय भूमिका लिनुपर्छ, सोच मात्र होइन, कार्यमा अग्रसर हुनुपर्छ । युवाहरूले चेतना र साहसका साथ अगाडि बढे मात्र राष्ट्र उज्यालो हुनेछ । यस्तो हुन सक्छ उज्यालोको मार्ग: नेपाललाई अरु कसैले बाह्य शक्तिबाट बचाउन सक्दैन । यो शक्ति नेपालीको फदयमा छ । नेपालीको मन र कर्ममा हुनु पर्दछ । हामीले आफैंलाई उठाउनु पर्छ, आफ्नो कमजोरी स्वीकार्नु पर्छ, आफ्नो बलमा विश्वास गर्नुपर्छ । अँध्यारोलाई दोष नदिनुहोस्, आफ्नै दियो बाल्नुहोस् । देश उज्यालो हुन्छ, जब हरेक नेपालीको मन उज्यालो हुन्छ । नेपालको मुक्ति नयाँ प्रणालीमा होइन, पुरानो आत्माको पुनर्जागरणमा छ । यही जागरणको क्षणमा नेपाल फेरि हिमालजस्तै दृढ, गङ्गाजस्तै पवित्र, र जनकजस्तै विवेकी हुनेछ । हरेक नेपालीले नेपाललाइ मन बचन र कर्मबाट बचाउनेछ । यदि नेपालीहरू अरुको दोष देख्न होइन, आफ्नो क्षमता र उत्तरदायित्व सम्झन सक्ने भए भने उनीहरु राष्ट्रदीप बन्न सक्छन् । एकपटक राष्ट्रले सबैको सामूहिक प्रयत्न मागेको छ । अर्को पक्ष कर्म र धर्मको समायोजन हो । देश उठाउन र जगाउन कर्मलाइ पुजा बनाउन पर्छ । कर्म नै पूजा: मानव जीवनको सार कर्ममा निहित छ, र कर्मको दिशा धर्मले निर्धारण गर्छ । धर्मबिना कर्म अन्धो हुन्छ, कर्म बिना धर्म निष्प्रभावी हुन्छ । यी दुई जब सन्तुलित हुन्छन्, तब जीवनमा शान्ति, शासनमा न्याय, र समाजमा स्थिरता बस्छ । नेपालको वर्तमान अवस्था हेर्दा देखिन्छ कि हामी धर्मको नाममा निष्क्रिय र कर्मको नाममा अविवेकी भयौं । कोही कर्म गर्छ तर उद्देश्य स्वार्थ हो, कोही धर्मका कुरा गर्छ तर व्यवहारमा कपट छ । यही असन्तुलनले नै देशमा अव्यवस्था जन्माउँछ । कर्म र धर्मको समायोजन भनेको यही असन्तुलनलाई सन्तुलनमा रूपान्तरण गर्ने आन्तरिक साधना हो । कर्म: समाजको गतिशील शक्तिस् कर्म भनेको केवल काम होइन, चेतनासहितको प्रयत्न हो । श्रम, सेवा, सिर्जन- यी सबै कर्मका रूप हुन् । जब व्यक्ति आफ्नो कामलाई कर्तव्यका रूपमा गर्छ, त्यो नै सच्चा कर्म हो । नेपालको पुनर्जागरण कर्मको पुनर्व्याख्याबाट सुरु हुनुपर्छ । सरकारी कर्मचारीले आृनो कामलाई बोझ होइन, राष्ट्रसेवा मान्न सक्नु पर्दछस किसानले माटोलाई पूजा ठान्नु पर्दछस शिक्षकले पढाउने कामलाई आत्मअर्पणको अभ्यास बनाउनु पर्दछस युवाले आफ्नो श्रमलाई राष्ट्र निर्माणको जिम्मेवारी ठान्नु जरुरी छस त्यो क्षणमा नेपाल पुन: जीवित हुनेछ । कर्मले मात्रै शासन चल्दैन, तर शासनको आत्मा जाग्रत हुन्छ । कर्म नै शासनको मेरुदण्ड हो । धर्म: विवेकको दिशास् धर्म भनेको धर्मग्रन्थको अनुकरण होइन, विवेकको अभ्यास हो । धर्मले कर्मलाई दिशा दिन्छ, ताकि शक्ति असंयममा नजाओस् । भगवद्‌गीताले भन्छ-“स्वधर्मे निधनं श्रेय:, परधर्मो भयावह: ।” अर्थात् आफ्नो धर्ममा स्थिर रहनु नै श्रेष्ठ हो । आफ्नो धर्म भन्नाले आफ्नो कर्तव्य, आफ्नो सत्य, आफ्नो दायित्व हो । जब मानिस आफ्नो स्वधर्ममा अडिग रहन्छ, कर्म स्वत: पवित्र हुन्छ । नेपालमा धर्मको अर्थलाई सङ्कुचित गरेर मात्र धार्मिक अनुष्ठानमा सीमित गरियो । धर्म वास्तवमा जीवनको नीति हो, कर्मको दिशा हो । यदि शासन धर्ममा आधारित हुन्छ भने त्यसले न्याय ल्याउँछस यदि केवल शक्ति र स्वार्थमा आधारित हुन्छ भने त्यसले अन्याय जन्माउँछ । कर्म र धर्मको असन्तुलनको परिणाम: जब कर्म धर्मविहीन हुन्छ, तब दुराचरण जन्मन्छस जब धर्म कर्मविहीन हुन्छ, तब ढोंग जन्मन्छ । आजको समाज यही दुई चरमबीच फसेको छ । कोही कर्म गरिरहेका छन् तर विवेक हराएका छन्स कोही धर्मको कुरा गर्छन् तर केही गर्दैनन् । नेपालमा धर्म र कर्मको सम्बन्ध पुनर्स्थापना नगरी सुशासन सम्भव छैन । धर्मले नीतिलाई शुद्ध बनाउँछ, कर्मले त्यसलाई कार्यान्वयन गर्छ । कर्मयोग र शासन: शासनको आधार पनि यही कर्मयोगमा निहित छ । कर्मयोगी नेता, कर्मचारी, वा नागरिकले आफ्नो कर्तव्यलाई आत्मिक रूपमा बुझ्छ । उसले शक्ति होइन, सेवा खोज्छ । श्रीकृष्णले अर्जुनलाई युद्ध गर्न भने तर घृणाले होइन, धर्मले प्रेरित भएर । यही सन्देश शासनका लागि पनि सान्दर्भिक छ । न्यायका लागि कार्य गर्नुपर्छ, व्यक्तिगत प्रतिशोधका लागि होइन । नेपालमा यदि नेतृत्व कर्मयोगमा आधारित भयो भने, त्यसले सत्ता होइन, सेवा निर्माण गर्छ । अनि शासन केवल व्यवस्थापन होइन, मूल्य संस्कारमा टेकेको प्रणाली बन्छ । कर्म र धर्मको एकीकृत चेतना साँचो नागरिक चेतना तब जाग्छ जब कर्म धर्ममा र धर्म कर्ममा मिसिन्छ । यदि नागरिकले आफ्नो कामलाई पूजा ठान्छ भने भ्रष्टाचार हराउँछस यदि नेता आफ्नो जिम्मेवारीलाई साधना ठान्छ भने राज्य बलियो हुन्छ । कर्म र धर्मको समायोजन भनेको ‘कार्य नै प्राथना’ र ‘सेवा नै साधना’ बन्ने चेतना हो । जब हरेक नागरिकले आफ्नो कामलाई सेवा ठान्छ, त्यो राष्ट्रमा नैतिक शासन जन्मिन्छ । पारिवारिक र सामाजिक शिक्षाको भूमिका: कर्म र धर्मको संस्कार बाल्यकालमै सुरु हुनुपर्छ । अभिभावकले सन्तानलाई केबल परीक्षा पास गर्न होइन, कर्ममा निष्ठा र धर्ममा विश्वास राख्न सिकाउनु पर्छ । विद्यालयले ज्ञान मात्र होइन, मूल्यको शिक्षा दिनुपर्छ । जब समाजले नैतिकता र श्रमलाई बराबर सम्मान दिन थाल्छ, तब कर्म र धर्मको एकता स्थायी बन्छ । अन्तत: कर्ममै धर्मको तेज हो । कर्म धर्मको प्रत्यक्ष रूप हो, धर्म कर्मको आत्मा हो । दुबैको मेलले जीवन र राष्ट्र दुवैमा उज्यालो ल्याउँछ । नेपालमा शासन, समाज, र व्यक्ति- तीनै तहमा यही समायोजनको आवश्यकता छ । जब शासन धर्ममा, नागरिक कर्ममा, र समाज चेतनामा बलियो हुन्छ, तब नेपाल पुन: विवेक, न्याय र करुणाको प्रतीक राष्ट्र बन्छ । नेपाल बाँच्नेछ, उठ्नेछ र स्वाबलम्बी बन्नेछ जब कर्म र धर्म दुबै एउटै दिशामा बग्नेछ, जब काम सेवा बन्नेछ र सेवा नै पूजा बन्नेछ । सन्तान जिम्मेबार र चेतनशील बन्नेछन् र अभिभावक देशको निकासमा तल्लीन हुनेछन् । ***-डिसी नेपाल डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१–५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१–५४१२३३
- भैरहवा ०७१–५२०१९९
- अर्घाखाँची ०७७–५२११९९
- गुल्मी ०७९–५२०१९९
- परासी ०७८–५२०१९९
- तौलिहवा ०७६–५६००९९
- पाल्पा ०७५–५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१–५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
- पिचन्द्र परासी ०७८–५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
- बुटवल हस्पितल ०७१–५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
- रेटरी क्लब बुटवल ०७१–५४४६००
- लियो क्लब अफ बुटवल ०७१–५४५८९३
- रेडक्रस भैरहवा०७१–५२०२६३
- रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
- परासी ०७८–५२०१२५
- रेडक्रस पाल्पा ०७५–५२०६००
- रेडक्रस तौलिहवा ०७६–५६००१५
- रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९–५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
- लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१–५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६–६९०१०२
- रेडक्रस देवदह ०७१–५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मानसम्मानमा वृद्धि हुनेछ। आय आर्जनका नयाँ स्रोतहरू फेला पर्नेछन्। | **तुला** : सझेदारी व्यापारमा लाभ हुनेछ। प्रशासनिक मामलाहरू सुल्झिनेछन्। |
| **वृष** : अध्ययनमा ध्यान केन्द्रित गर्नुहोला। मनोरञ्जनात्मक समय व्यतीत हुनेछ। | **वृश्चिक** : रीक्षामा सफलता मिल्नेछ। विद्यार्थीहरूको तर्कशक्तिमा वृद्धि हुनेछ। |
| **मिथुन** : यात्रा लाभदायी रहनेछ। कार्यक्षेत्रमा नयाँ अवसरहरू मिल्नेछन्। | **धनु** : महत्वकांक्षी योजनाहरू पूरा हुनेछन्।शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। |
| **कर्कट** : फजुल खर्चबाट बच्नुहोस्। पिताको सहयोगले रोकिएका कार्य बन्नेछन्। | **मकर** : करियरलाई लिएर चिन्ता र हनेछ। स्वास्थ्यलामा सावधान रहनुहोस्। |
| **सिंह** : धर्मकर्ममा मन लाग्नेछ। प्रतिष्ठित मान्छेहरूसँग सम्पर्क बढ्नेछ। | **कुम्भ** : सक्तिशाली व्यक्तिहरूसँग सम्पर्क बढ्नेछ। आत्मविश्वासमा वृद्धि हुनेछ। |
| **कन्या** :शत्रुहरू सक्रिय रहनेछन् । अवसर को खोजीलाई लिएर दौडधुप गर्नुपर्ला । | **मीन** : नयाँ लगानी लगाउनुभन्दा अघि माननीयजनहरुसँग सल्लाह लिनुहोस्। |

# साहित्य दर्पण

कथा — विमल लामिछाने

## अँगालोमा बेरिएकी 'कुसुम'

*विद्रोहले परिवर्तनलाई चुम्छ । एकदिन मनिमा पहाडको खवर लिएर फर्किन्, मुखमा मधुर मुस्कानसहित । पहाड पनि त्यही भन्छन्, पहाडको मन पनि तिमीमा नै अडिएको रहेछ । उनले भने, कुसुमजस्तो पवित्र हृदयकी साथीसँग जीवन बिताउने सपना म पनि देख्छु । तर यो सम्बन्ध हामी शब्दमार्फत होइन, कर्ममार्फत पुष्ट गर्न सकौं ।*

जेन जी पुस्ताले रुचाएकी कुसुम नाम जस्तै कोमल थिइन्, जुनजस्तै उज्यालो थियो उनको अनुहार । चेहरा धपधप अँध्यारामा चम्किएको पारशमणी झै । उनका नयनमा बैंसालु लाली फुलेको, मनका आँकुराहरु लालुपाते फूलको आकर्षक झैं मोहित थिए । मानौं वसन्तका पलहरू उनकै दृष्टिमा सिंचित छन् । जेन जी (सन् १९९७ देखि सन् २०१२ सम्म जन्मिएकाहरूको समूह ) पुस्ताकी कमाण्डर हुन् कुसुम । डाँफेचोकमा उनको भाषण सुन्ने फ्यानको ठेलमठेल भिड थियो । विचविचमा राखेका साउडबक्सको ध्वनीले जमिनमा कम्पन दिइरहेको थियो । जसरी मन उमंगमा तरंगित थियो, उस्तैगरी शब्द सुवासले मादक बनेका देखिन्थे उनका फ्यानहरु । उनका शब्द शब्दमा समुन्द्रको ज्वारभाटा झै छचल्किएको थियो उनको फदयको चाल । सलक्क परेको पहाडे काँक्रा झै शरिर । उनको उच्च आकर्षक चेहराले युवा पुस्तालाई खिचिरहेको थियो । धेरैका दृष्टीले शिकार गरिरहेका थिए उनका टक्क अवयवहरुको । बेला बेला हो मा हो मिलाएर कुर्लिरहेको थियो जेन जी पुस्ता । छिन छिनमै गुञ्जयमान बन्थ्यो तालीका पर्राको आवाज ठोकिन्थ्यो ।

मानौ कानका जालीमै कम्पन चलिरहेछ । जति विद्रोहको आवेश र आक्रोस थियो उनका शब्दहरुमा त्यतिनै फदयमा प्रेमको एउटा मौन नदी बहिरहेथ्यो, जसको मुहान त्यो मनभित्र बहने उसको आफ्नै मौनताको गोप्य एकान्तभित्रको कुना थियो । त्यो प्रेमिल नदीको केन्द्रमा थिए पहाड । न कि विशाल, अडिग हिमाल झैं मौन र स्थिर थिए पहाड । नाम मात्र हो पहाड, उनको स्वभाव भने बादलझैं चलायमान र नदीझैं शीतल थियो । तर कुसुम र पहाडको विचमा जातको तगारो थियो । समाजमा पहाड र कुसुमलाई उच्चता निचताको तगारोले घेरेको रहेछ । कुसुम र पहाड (जेन्जी) एउटै कलेजमा पढ्थे । सँगै पढ्ने, कलम र पुस्तकहरू साट्ने, कहिले काँही हाँसो-ठट्टा गर्ने, तर त्यो सम्बन्ध, त्यो संवाद मित्रताको सीमारेखाभित्र सुरक्षित थियो । त्यस रेखाबाट पर कतै प्रेमको उज्यालो क्षितिज थियो, जुन अझैसम्म दुबैजनाको मौनताभित्र बाँधिएर उकुस मुकुस थियो । तर अब मौनताको बाँध नफुटिरहन सकेन । कुसुम मौन रहिनन् । उनले भनिन्, 'अब खुला मैदानबाटै यो समाजमा जरा गाडेर बसेका सबैखाले विभेदलाई जेन जी पुस्ताले उखेलेर फ्याक्नु पर्छ । विभेदको विरुद्ध फेरि अर्को पुस्ताले लड्नु नपरोस् । जेन्जी पुस्ता समाज रुपान्तरणको लागि लड्ने अन्तिम पुस्ता बनोस् ।' पररर.. तालिको आवाज आउँछ । पहाडसहित जेन्जी पुस्ताको यो ठूलो हुलले कुसुमलाई साथ दिन्छन् । एउटा चरणमा पुगेर राज्यसत्ताका बागडोर सम्हाल्ने पात्रहरु फेरिन्छन् । तर धेरैले बलिदानीको कोटा चुक्ता गर्नुपर्छ । वलिदानी र रक्तपात पछि सत्ताका पात्र फेरिएपनि प्रवृतिमा फेरबदल आउन नसकेको तीतो अनुभूति यो पुस्ताले अझै शेयर गरिरहेको छ । उता कुसुम र पहाडको भावनात्मक मौनताको गाँठो भने कसिँदै गएको थियो । मनमा पोखिएको भावना अब फदयमै थाम्न नसकिने अवस्थामा पुग्छन् दुवै । उनीहरुले बिर्सिन चाहेनन् 'प्रेम भनेको मौनता होइन, साहस हो' । त्यसैले उनले आफ्नो अव्यक्त प्रेमलाई मनिमा नामकी विश्वासपात्र साथीमार्फत व्यक्त गर्ने साहस गरिन् । हिम्मतसाथ मनिमालाई भन्न पुगिन् पहाडलाई भनिदेऊ, म उसलाई मन पराउँछु । तर यो प्रेम केवल आर्कषण होइन, यो त चोखो र निश्चल छ, जसरी धर्तीले आकाशलाई गर्छे, चन्द्रमाले सीत बनेर पृथ्वीलाई तिर्छ । विद्रोहले परिवर्तनलाई चुम्छ । एकदिन मनिमा पहाडको खवर लिएर फर्किन्, मुखमा मधुर मुस्कानसहित । पहाड पनि त्यही भन्छन्, पहाडको मन पनि तिमीमा नै अडिएको रहेछ । उनले भने, कुसुमजस्तो पवित्र फदयकी साथीसँग जीवन बिताउने सपना म पनि देख्छु । तर यो सम्बन्ध हामी शब्दमार्फत होइन, कर्ममार्फत पुष्ट गर्न सकौं । त्यो दिन कुसुमको जीवनमा खुशीको बहार उर्लेको थियो । उनी ढक्क फुलिन् । मानौ आत्मभित्र कुनै सुगन्धित उज्यालो फैलियो, मानौं प्रेमको बगैँचामा अब पहिलो पटक उनी आफूलाई फूलझैँ फुल्न पाएकी थिइन् । साँच्चिकै, कुसुम केवल रूपमा मात्र होइन, सोच र स्वभावमा पनि एउटा असल मानवीय मूल्यकी प्रतिनिधि पात्र थिइन् । उनको प्रेम, केवल साथ पाउने चाहनामा सीमित थिएन । उनी त्यस्तो प्रेम चाहन्थिन्, जसले मान्छेलाई महान बनाओस्, स्वार्थबाट मुक्त होस् र त्यागको अमृतले सिञ्चित होस् । उनी विश्वास गर्थिन्, पौराणिक कथाका पात्र नल राजा र दमयन्तीको प्रेमजस्तो, लक्ष्मीप्रसाद देवकोटाका मुना र मदनको कथामा वियोगको बेला अमरता खोज्ने भावजस्तो, लैला-मज्नुको त्यागजस्तो प्रेममा नै साँचो सौन्दर्य भरिएको प्रेम । समाजमा परिवर्तनको नमूना बन्न सक्ने महत्वको महजोडी । अनि दुई आत्माहरूबीचको समझदारी, एक-अर्काको स्वाभिमानको सम्मान र सँगै अघि बढ्ने वर्गीय विद्रोहमा सहयात्राको साझा प्रतिवद्धता । कलेजका ति दिनहरूमा उनीहरूले कहिल्यै प्रेमी-प्रेमिकाका अभिनय गरेनन् । न हात समाते, न आँखा चोरे । न रसिलो स्पर्स नै । पढाइको अलावा केवल एक अर्कालाई साथ दिए, समाजमा वर्गीय चेत भर्दै विद्रोहकोलागि सार्थक एकतामा । पहाडपनि त्यही चाहन्थे । प्रेमले विचारको विगुल फुकेर समाजका हरेक नागरिकमा चेतनाको उर्जा भर्न सकोस् । लक्ष्यमा पुर्याएर समाजलाई परिवर्तनको आभाष दिलाउन सकोस् । ब्यवहारमा पनि साँच्चै त्यस्तै थियो आपसमा । कुसुम कविता लेख्थिन् । उनका शब्दहरूमा पीडाको गहिराइ र आशाको उज्यालो मिसिएको हुन्थ्यो । ती कविताहरू जब पहाडले पढ्थे, उनी चुपचाप मुस्कुराउँथिन् । कुसुम शब्द थिइन्, पहाड क्रियाशील अर्थ । उनीहरूको सम्बन्ध कुनै संयोग थिएन, यो त नियतिको खेल भन्दापनि क्रान्तिकारी भेटजस्तो लाग्थ्यो । जसरी बादलले हिमालको शिर चुमेर फेरि फर्कन्छ र आनन्दित वर्षामा परिणत हुन्छ । उस्तै मिलन थियो कुसुम र पहाडमा । पहाडको मौनता कुसुमलाई भावना बुझ्ने गहिरो परिभाषाजस्तै लाग्थ्यो । उनका शब्दहरूमा वर्गीय चेत, जातीय विद्रोह र गरीव जनताको पीडाको गहिराइ हुन्थ्यो, आँखा खोल्ने सन्देश हुन्थ्यो, अनि भविष्यको कल्पना भरिएको हुन्थ्यो । समाजमा अन्यायको विरुद्ध आवाज उठ्न थाल्यो । कुनाकुनामा विद्रोहका नारा घन्किए, शासकको किल्ला ढल्न थाल्यो । समाजमा विद्रोहको छाल आउन थाल्यो । युवाहरू जाग्न थाले, गाउँ गाउँबाट भाउजु, आमा र दिदीहरु सडकमा आए, बूढापाकाले मुट्ठी कसे, कुनाकुनामा नारा घन्किन थाले, 'हाम्रो सपना-हाम्रो संघर्ष !' योसँगै कुसुम र पहाडविच तगारो बनेको विभेदको किल्ला पनि ढल्यो । अन्ततः उनीहरूले विवाह गरे, तर त्यो कुनै तामझामले भरिएको साधारण विवाह थिएन । त्यो 'जनवादी विवाह' थियो । विश्वास र आदर्शको गहिरो मिलन थियो । कुसुमले पहाडको हात समाउँदै भनिन्, 'तिमी मेरो सपना मात्र होइन, मेरो संघर्ष पनि हौं । म तिमीलाई प्रेम गर्छु, जसरी आत्माले सत्यलाई गर्छ, आकाशले धर्तीलाई गर्छ ।' आज, कुसुम र पहाडको जीवन प्रेम र क्रान्तिको अद्वितीय मिसाल बनेको छ । उनीहरू चोखो, विवेकपूर्ण प्रेमका संवाहक हुन् । साँचो सपना देख्ने र समाजमा जरा गाडेर बसेका सबैखाले विभेद विरुद्ध परिवर्तनको विगूल फुक्ने सहयात्री । परिवर्तनका प्रेरक । उनीहरूको सम्बन्धमा कुनै बनावट थिएन । प्रेम उनीहरूका लागि व्यक्तिगत मोहको बन्दी थिएन, त्यो त साझा सपना थियो । एक यस्तो समाजको परिकल्पनामा उनीहरुको सहयात्रा थियो, जहाँ मान्छे बराबरीमा बाँच्न सकून्, स्वतन्त्रताको सास फेर्न सकून् । मान्छे मान्छेविच भेदभाव कहिल्यै नहोस् । चन्द्र र सूर्य अंकित रातो झन्डामुनि, जनताको बीच, उनीहरूले कसम खाए । सपना मात्र होइन, संघर्षमा पनि सँगै होमिएको जेन्जी पुस्ताको नमूना जोडी । त्यो विवाहलाई समाजले 'जनवादी विवाह' को नाम दियो । कुसुम र पहाड अँगालोमा बेरिए ।

*-समकालीन साहित्य डटकम*

निबन्ध — कल्पना जोशी

## छाउपडी : एक इन्द्रेणी

"वि.स. २०८२ असार २८ गते शुक्रवार राति छाउगोठमा सर्पले डस्दा कृष्णपूर नगरपालिका वडा नम्बर -१, निगाली, बस्ने २८ वर्षीय कमला दमाईको मृत्यु" - समाचार देशभर र देशबाहिरका मिडियामा छापिन्छ, विभिन्न तर्कवितर्कहरू हुन्छन्, केही लेखहरू छापिन्छन् कुनै पत्रिकाहरूमा सन्देशमूलक कार्टून पनि छापिन्छन् केही दिनपछि हेडलाइन र सामाजिक सञ्जालका पोस्टहरूले बिस्तारै अर्को लय समात्छन् । त्यसको दुई महिना पनि नबित्दै भदौ १३, २०८२ मा अर्को समाचार देशैभरि फैलिन्छ "पञ्चदेवल विनायक नगरपालिका-८ सेलापानीस्थित चुरखोली टोलकी ३५ वर्षीय निम खनाल र मङ्गलसेन नगरपालिका -६ का गोरे भण्डारीकी ७ वर्षीय छोरी कविताको छाउगोठमा सुतेको बेला ढुङ्गाले किचेर मृत्यु । उक्त घटनामा घाइते भएकी आमालाई उपचारको लागि स्थानीय स्वास्थ्य चौकी पठाइएको छ ।" आजकल छाउपडीका समाचार पनि राष्ट्रिय दैनिक र बीबीसीले छापिरहन्छन् । हामी त त्यो समाजबाट आउँछौं जहाँ महिनावारी भएको बेला किताब छुनुहुँदैन सरस्वती माता रिसाउँछिन् भनेर सिकाइन्थ्यो । देश त पूरै छुइएछ, मन्दिर, भण्डार, देवालय, शक्तिपीठ कताकता पुगिसक्यो होला छाउपडीको हावा । बस् मनमनै बोलिरहें । खासै बोल्न मन थिएन । खबर नौलो पनि थिएन । कानूनी व्यवस्थामा कागज छाउपडीले रङ्गिएको इतिहास चाहिँ यसअघि नै छ भन्ने जानकारी भने मलाई थियो । सर्वोच्च अदालतद्वारा छाउपडी प्रथा रोक्न सरकारलाई आदेश मिति: विसं २०६२ वैशाख १९ गते । तत्कालीन श्री ५ सरकारद्वारा छाउपडी प्रथालाई कुरीति घोषणा गरी अन्त्य गर्न आदेश मिति: वि.सं २०६२ वैशाख २६ गते । आदेश दिएर पनि नमानेपछि कसको के लाग्यो र ? राज्यले दिने भनेको आदेशै त हो गर्ने भनेको घोषणा नै त हो ।
राज्यले फिल्डमा गएर काम गरेन भन्ने व्यङ्ग्य गरेको लाग्यो होला, होइन ? अब, दुईवटा थप समाचारहरू सुनाउँछु । वि.सं २०७६ साल माघ ७ गते 'राष्ट्रिय दैनिकहरू फेरि छाउ हुन्छन्' र छाप्छन् समाचार, "महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री पार्वत गुरुङ सहितको टोलीको उपस्थितिमा छाउपडी प्रथा अन्त्यका लागि जारी भएको घोषणापत्रमा माघ १५ गतेभित्र अछाम जिल्लाका सबै वडा, फागुन १५ गतेभित्र सबै पालिका र फागुन मसान्तभित्र जिल्लालाई पूर्ण छाउपडी मुक्त जिल्ला घोषणा गर्ने उल्लेख गरिएको हो ।" फलस्वरूप: नेपालको पहिलो पूर्ण छाउपडी मुक्त जिल्ला अछाम बन्यो । आयोगका परीक्षाको लागि एउटा सामान्य ज्ञानको प्रश्न थपियो । प्रश्न उठ्यो होला तपाईंको मनमा अछाम पूर्ण छाउपडी मुक्त जिल्ला २०७६ मै घोषणा भइसक्दा २०८२ सम्म आइरहने छाउगोठ र सर्पदंशका घटना के हुन् त फेरि ? पञ्चदेवल विनायक नगरपालिका अछाममा पर्दैन ? म दोस्रो प्रश्नको जवाफ दिन्छु, "हो पर्छ ।" २७ फेब्रुअरी २०२१ मा बीबीसी न्युज नेपालीले बोल्ड लेटरमा सरकारको बोल्ड कार्यान्वयनको खबर छाप्छ, "गत वर्ष पुष महिनाबाट सरकारले कर्णाली र सुदूरपश्चिम प्रदेशका १९ जिल्लामा छाउगोठ भत्काउने अभियान थालेपछि अहिलेसम्म ९,२१० वटा छाउगोठहरू भत्काइएको गृह मन्त्रालयले जनाएको छ ।" अब कसले भन्छ सरकार 'एक्सन ओरिएन्टेड्' भएन भनेर ? छाउगोठ भत्काएर पनि नहट्ने कस्तो जिद्दी छाउपडी रहेछ । शायद, सरकारको छाउपडी अन्त्य गर्नुपर्ने घोषणा कार्यान्वयनमा केही कसुर छोड्यो कि सम्बन्धित निकायहरूलाई कार्यान्वयन गराउन आदेशपत्र जारी गर्न चुक्यो कि ? मिति २०७५/१२/१० मा राष्ट्रिय मानव अधिकार आयोगले च.नं १८०९ को पत्र मार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पठाएको पत्रमा उल्लेख गरेको विषय छ, "छाउपडी प्रथा अन्त्यका सम्बन्धमा नेपालको संविधान तथा अन्य प्रचलित कानूनको व्यवस्था गरेका प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्न,गराउन... ।" विसं २०७५/१२/१४ मा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले संघीय मामिला तथा सामान्य प्रशाासन मन्त्रालय, स्थानीय तह समन्वय शाखा, लाई "सिफारिस कार्यान्वयन गर्ने सम्बन्धमा" आदेशानुसार अनुरोध गर्दछ । मिति २०७६ वैशाख २ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह समन्वय शाखा, ले च.नं ५८३ को पत्र मार्फत सुदूरपश्चिम र कर्णालीका सबै स्थानीय तहहरूलाई आदेशानुसार निर्णय कार्यान्वयनको अनुरोध गर्दछ । यी अध्ययनलाई सामग्री मानेर हेर्दा सरकारलाई धेरै दोष लगाइहाल्नुपर्ने कारणहरू देखिँदैनन् । राज्यका तीन वटै अङ्गहरू संवेदनशील भएकै देखियो । नीति निर्माण, कार्यान्वयनको लागि पहल, छुवाछूत विरुद्धको संवैधानिक व्यवस्थाको व्याख्या गरेकै छ । संविधानकै धाारा ३८ मा महिलाको हक छ, राष्ट्रिय महिला आयोग छुट्टै संवैधानिक निकायको रूपमा कार्यरत छ । सरकारले आधारभूत शिक्षा अनिवार्य र नि:शुल्क गरेकै छ, माध्यमिक शिक्षा नि:शुल्क छ । प्रत्येक विद्यालयमा सेनिटरी प्याडहरू नि:शुल्क वितरण हुन्छन् । अशिक्षाकै कारणले छाउपडी बढी प्रचलनमा छ भन्ने अर्को भाष्य निर्माण गरिएको छ । म दुई वटा घटना सुनाउँछु । केही वर्षअघि एउटा पसलमा म प्याड किन्न जाँदा एक जना छात्रा आफ्नो समाजशास्त्रको शोधपत्र तयार गरिरहेकी थिइन्, जब प्याड लिएर पैसा हातमा दिन खोजें उनले आफू व्रत बसेको भएर मलाई पैसा टेबलमा राख्न भनिन् । म फेरि आफ्नो बाल्यकालमा फर्किएँ । एक पटक म मीतआमाको घर जाँदा साउनको महिना बिहानै उहाँ घाममा घाँस सुकाइराख्नुभएको थियो । गाई भोकले कराइरहँदा पनि घाँस गाईलाई नदिएर सुकाउनुको कारण सोध्दा थाहा भयो घाँसमा शीत परेको रहेछ । शीत परेकै घाँस गाईलाई दिइयो भने जुनजुन देउताको थानमा गाईको दूध चढाइन्छ ती देउताहरू रिसाउँछन् । एक पटक यसरी नै 'लसपस'हुँदा गाईले एक हप्तासम्म दूधको सट्टा रगत दिएको कुरा पनि सुनाउनु भयो । मैले पनि घाँस सुकाउन सघाएकी थिएँ । यी दुई घटनामा शिक्षितले मान्छेलाई गरेको व्यवहार र अशिक्षितले गाईलाई गरेको व्यवहारमा मैले खासै फरक देखिनँ । पोहोर साल डोटीबाट धनगढी फर्किंदा एक जना म्यामसँग भेट् भयो । स्थायी शिक्षक भएर गएको तीन वर्ष बितिसक्दा पनि कार्यक्षेत्रमा एक पटक पनि महिनावारी नभएको सुनाउनुभयो । बच्चा सानै भएकाले एक्लै सुत्न पनि नसक्ने, बच्चासँगै गोठमा सुत्न पनि सर्पको र जङ्गली जनावरको डर हुने भएर लामो बिदा भएर घर जान मिल्ने समयमा मात्रै महिनावारी पार्नका लागि मेडिकल सहयोग लिने कुरा बताउनुभयो । यो सुन्दा मन फेरि दुख्यो । गाउँमा छाउगोठ सरकारले भत्काए पनि कुखुराको खोरहरूमा सर्पजस्तै घिस्रिएर भित्र पसेर निधार र घुँडा एकापसमा ठोक्किने जस्तो गरी दोब्रिएर प्रत्येक महिना ४ रात महिलाहरूले खोरमा बिताउने कुरा अझै सामान्य छन् । छाउगोठ र कुखुराको खोरमा पनि 'इन्ट्रा' छाउपडी कायमै रहेको छ । छाउ भएकी बुहारीलाई छाउ भएकै सासूले छुन मान्दिनन्, आमाले छोरीलाई छुँदिनन्, कथित उपल्लो जाति र कथित तल्लो जातिको महिलाको महिनावारीमा पनि विभेद छ । अरू कुरा छोड्नुस् धनी र गरीबको छाउपडीमा नि विभेद छ । हामीले ठाउँ छोड्दैमा समाजले नयाँ आकार नलिने रहेछ । म पहिलो पटक महिनावारी हुँदा छाउगोठमा बस्नु नपरे पनि घरभित्रकै एक कुनामा छुट्टिएर, आफू बाहेक कसैलाई नछोएर (रूख, फलफूल, धारा, साग, तरकारी, भान्सा, देवीदेउताको मूर्ति आदि/इत्यादि ) लगभग १२ दिन बसेँ । भान्सा र पूजा गर्ने ठाउँ २२ दिनपछि मात्रै छुनुपर्छ भन्ने मान्यता पछ्याउँदै गर्दा २४ औं दिनमा फेरि दोस्रो पटकको महिनावारी भएँ र १३ दिनसम्म दोस्रो पटक अलग्गै बस्नुपर्‍यो । छाउपडी उत्कर्षमा रहेको स्थानमा बसेर शिक्षा क्षेत्रमा काम गर्न थालेको एक वर्ष बितेछ । आशा लाग्दा कामहरू पनि भएका छन् । महिलाहरू नेतृत्वमा आएको देखेकी छु । सामाजिक कुरीति विरुद्धका मुद्दाहरूमा पुरुष संलग्नता पनि त्यत्तिकै छ । कक्षामा छात्रभन्दा छात्राको संख्या बढी छ । विद्यालयले नि:शुल्क सेनिटरी प्याडहरू वितरण गर्छ/ हामी गर्छौं । चार दिनसम्म किताब छुनुहुन्न भन्ने सोचाइ परिवर्तन भएर हामी यत्तिसम्म पुगेका छौं । शिक्षाको महत्त्व साँच्चै बुझ्न थालेका छन् मान्छेहरूले । घरदेखि विद्यालय आउने बाटोमा जङ्गल पर्ने ठाउँका विद्यार्थीहरू जङ्गली जनावर विशेषत: भालुको आक्रमणको डरले हिउँदमा किताबसँगै झोलामा ठूलो हँसिया बोकेर आउँछन् तर पढ्न चाहिँ आउँछन् । हामीले आशा गरेको समाज बन्नेछ र हामी बनाउँदैछौं जस्तो पनि लाग्छ ।जब हामी आफू एक्लै हुँदा पनि आफैसँग भित्री मनदेखि नै महिनावारी कुनै पाप, श्राप र अपराध होइन भनी फदयङ्गम गर्ने अवस्थामा पुग्छौं तब कुनै कानून, ऐन नियम र सजायको आवश्यकता पर्दैन जस्तो लाग्छ । महिलाभित्रको पितृसत्ता र महिला हुनुमै रहेको ग्लानि भाव कम भइदिने हो भने पनि यो कुरीति अलिक छिटै हटेर जानेछ । छाउगोठ भत्काउनु भन्दा सुरक्षित राखिनुपर्छ । हामीले पछिल्लो पुस्तालाई सिकाउनु छ विचार निर्माणको आधार र हामीले तय गरेको सभ्यताको दूरी । कसैलाई कानूनी दण्डसजाय दिएर मात्रै छाउपडी रोकिने कुरामा पनि मलाई त्यति विश्वास छैन । छाउपडीविरुद्धको अभ्यास र कानूनी कार्यान्वयनमा पनि यही उदाहरण लागू भएको हो । पहिला मस्तिष्कमा भएको छुवाछूत र विभेद भत्काउनु जरूरी छ । हामी बौद्धिक रूपमा 'छाउ' भएका हौं, हाम्रो चेतनामा छाउपडी छ । भाषा, साहित्य, लोकबाजा, लोकसंस्कृति, प्राकृतिक सुन्दरता र ऐतिहासिक गरिमाले भरिपूर्ण सुदूरपश्चिम, संस्कृति भित्र लुकेका कुरीतिहरूको अन्त्य गर्दै सुन्दर सुदूरपश्चिम तथा भू-स्वर्गको आफ्नो पहिचान संरक्षणमा अब्बल रहिरहने कुरामा कुनै फरक मत छैन । शक्तिपीठ र देवीहरूको भूमि सुदूरपश्चिम बिस्तारै बुझ्दै जानेछ शक्ति र सृष्टिको सम्बन्ध । एक दिन हामी छाउगोठभित्रै बाट शुरू गर्नेछौं शक्तिको दीप प्रज्वलन । र, कहिल्यै घुम्न जानु नपर्ने सुरक्षित सङ्ग्रहालयको रूपमा रहनेछन् छाउगोठहरू ।

*-साहित्यपोस्ट डटकम*

# गुल्मीको तम्घास-सिमीचौर-राङ्बास-खर्ज्याङ सडक एक महिना बन्द हुने



**गुल्मी,** असोज २४/यहाँको तम्घास-सिमीचौर-राङ्बास-खर्ज्याङ सडक एक महिनाका लागि बन्द हुने भएको छ । उक्त सडकखण्डअन्तर्गत सडक स्तरोन्नतिको काम भइरहेकाले एक महिना बन्द हुने भएको हो ।

यहाँ रेसुङ्गा नगरपालिका-१० को मैदानदेखि वडा नं ११ को जन प्राविसम्मको सडकमा शुक्रबारदेखि सडक स्तरोन्नति सुरु गरिएको छ । सडक पूर्वाधार विकास कार्यालयले सार्वजनिक सूचना प्रकाशित गरी यही असोज २४ गतेदेखि कात्तिक २३ गतेसम्मका एक महिना सडक पूर्ण रूपमा बन्द हुने जनाएको हाचे । कार्यालयले उक्त समयसम्म वैकल्पिक सडकका रूपमा राङबास-फेदीसम्मका सवारीसाधनका लागि-मैदान-हर्राबोट-सपौदी हुँदै राङबास फेदी सडक र रिडी-पाल्पा एवं अर्घाखाँचीतर्फ सञ्चालन हुने सवारीसाधनका लागि घुम्ती-चारपाला-खर्ज्याङ तथा तम्घास-बलेटक्सार-रिडीको वैकल्पिक सडक प्रयोग गर्न आग्रह गरेको छ । कार्यालयका प्रमुख दीपक खड्काका अनुसार निर्माणका क्रममा यात्रु र चालकको सुरक्षालाई ध्यानमा राख्दै सडक अस्थायी रूपमा बन्द गरिएको बताए । उनले निर्धारित समयावधिभित्र काम सम्पन्न गरी सडक शीघ्र सञ्चालनमा ल्याइने बताए । *-रासस*

# कृषिमा रमाउँदै...

...बिहान सबेरै उठेर तरकारीमा पानी लगाउनेदेखि गोडमेल सकेर ६ बजे नै नजिकैको क्याम्पस र एक सामुदायिक स्कुलमा पढाउन पुग्छन् । ४ बजेसम्म अध्यापनमै व्यस्त रायमाझी छुट्टी भएपछि भने घर फर्किएर पुन: कृषि कर्ममै लाग्छन् । उनलाई सघाउन माइलो भाइ सुरेन्द्र र कान्छो भाइ सुरज पनि बारीमा पुग्छन् । गोलभैँडा, काउली, बन्डा, करेला र खुर्सानी खेतीको गोडमेलमै उनीहरूको दैनिकी बित्छ ।

तीन दाजुभाइ मिलेर काजीपौवास्थित आफ्नै १३ रोपनीमा लोभलाग्दो कृषि खेती गरिरहेका छन् । माइलो भाइ सुरेन्द्रले पनि डिग्री गरेका छन् भने कान्छो भाइ सुरजले होटल व्यवस्थापनमा स्नातक अध्ययन गरेका छन् । पढाई सकेर दाजुभाइले गाउँमै व्यावसायिक कृषिमा रमाएको देखेर छिमेकी छक्क परेका छन् । रायमाझी दाजुभाइले रायमाझी एकीकृत कृषि तथा पशु फर्ममार्फत व्यावसायिक तरकारी खेती गर्दै आएका हुन् ।

**तरकारी बिक्रीबाट घर**

ठुलो बुवा कमल र आमा गीतादेवीको प्रेरणाबाट १६ वर्षको उमेरदेखि नै व्यावसायिक कृषिमा लागेको गम्बीरजंग बताउँछन् । उनी भन्छन् "मेरो हजुरबुवा कृषि गर्नुहुन्थ्यो, उहाँको सिको गरेर मेरा ठुलो बुवाले पनि कृषि नै गर्नु भयो, आमा सुन्तला जात तथा फलफूल विकास केन्द्र बागवानीमा काम गर्नुहुन्छ, जसको काम देखेर मलाई पनि कृषि गर्नुपर्छ भन्ने सोच पलाएको हो ।" कक्षा ९ पढ्दादेखि नै बारीमा काउली, बन्डा, सिमी फलाएर ढाक्रामा राखेर घर-घरमा बेच्न लैजाने गरेको गम्बीर सम्झन्छन् । उनले तरकारी बेचेरै पढाई खर्च चलाउने मात्र होइन घर समेत खडा गरेका छन् । सरकारी जागिर खानेको भन्दा उनीहरूको कमाइ कम छैन । विदेश पलायन हुने युवाका लागि तीन दाजुभाइहरु उदाहरण नै बनेका छन् । तरकारी विक्रीबाटै उनीहरूले वार्षिक ५ देखि ६ लाखसम्म आम्दानी गर्दै आएको बताउँछन् । रैनादेवी छहराका युवा कृषक सरोज कार्कीका दौँतरीहरू पैसा कमाउन कोही लाहुरे भए, कोही बिदेसिए । केही जागिरे भए त कोही गाउँ नै छाडे । तर उनलाई पैसा कमाउन कतै जानु परेन । आफ्नै बारीमा तरकारी, फलफूलका बिरुवा र सुन्तलासहित अन्तर बाली प्रणालीमा रमाइरहेका छन् उनी । बाह्रै महिना भ्याई नभ्याई छ उनलाई । हिउँदभर सुन्तला र वर्षामा फलफूलका बिरुवा बिक्री गर्न व्यस्त छन् । उनको बारीमा मौसमी तथा बेमौसमी तरकारी पनि फस्टाएको छ । "सुन्तला, तरकारी र बिरुवाबाट वर्षमा ५ लाख बचत भएको छ," उनले भने, कृषिमै भविष्य खोजेर लागे अहिले मलाई यही सन्तुष्टि मिलेको छ ।" २ वर्षसम्म काम गरेको दुवईको जागिर छोडेर अर्ग्यानिक तरकारी खेतीमा होमिएका तिनाउका थर्कबहादुर गाहा नमुना किसानमा दरिएका छन् । उनले गरेको तरकारी खेती हेर्न र सिक्नका लागि जिल्लाका विभिन्न ठाउँका कृषकहरू उनको बारीमा आउने गर्छन् । ५ लाख लगानी गरेर तरकारी खेती थालेका उनले अहिले तरकारी खेतीमै परिवारका ५ जनालाई पूर्णकालीन रोजगारी पनि दिएका छन् ।१० रोपनी जग्गामा आधुनिक प्रविधिबाट तरकारी खेती गर्दै आएका गाहाले वर्षमा ५ लाखसम्म कमाउने गरेको बताउँछन् । कुनै बेला विदेश बाहेक अन्य रोजगारीको विकल्प नदेख्ने जिल्लाका थुप्रै युवाहरू अहिले कृषि पेसालाई राम्रो रोजगारीको माध्यम बनाइरहेका छन् । पुर्खा देखिको गुजारामुखी परम्परागत खेती गर्ने परिपाटीलाई सुधार गरेर युवाहरू व्यवासयिक हुन थालेपछि धेरैले गाउँघर मा नै रोजगारी पाएका छन् । कतिपय युवाहरूले ठुलो लगानी गरेर फलफूल खेतीको थालनी समेत गरेका छन् । उच्च शिक्षा अध्ययन गरेका युवाहरू कृषिमा संलग्न भएपछि पढेका मानिसले खेतीको काम गर्दा बेइज्जत हुन्छ भन्ने गलत मान्यता पनि बिस्तारै हराउँदै जान थालेको छ । पछिल्लो पटक युवापुस्ता कृषितिर लागेको कृषि ज्ञान केन्द्र पाल्पाका प्राविधिक सहायक सुरज पाण्डेले बताए । व्यावसायिक कृषकलाई सरकारी अनुदान, आवश्यक प्राविधिक तालिम, बिउ, मल औषधि दिएपछि किसानहरू बढिरहेको उनको भनाई छ । जिल्लामा ६ सय ७१ कृषि फर्म सञ्चालनमा रहेको पाण्डेले जानकारी दिए । केन्द्रले विशेष गरी युवाहरूलाई कृषिमा जोड्न आफ्ना अनुदानका कार्यक्रमहरू केन्द्रित गर्दै आएको उनले बताए । व्यावसायिक कृषि क्षेत्रमा युवाहरूको संलग्नता बढेसँगै कृषि जन्य उत्पादनको आयात समेत प्रतिस्थापन हुन थालेको छ । जिल्लामा केही वर्ष यता पशुपालनमा समेत कृषकहरू आकर्षित भएको जिल्ला भेटनरी अस्पताल तथा पशु विज्ञ केन्द्रका प्रमुख दुर्गा प्रसाद खनालले बताए । उनले भने "पशुपालनमा लाग्नेमा अधिकांस युवाहरू रहेका छन् ।" व्यावसायिक रूपमा लाग्ने कृषकहरूलाई अनुदान, प्राविधिक सहयोग दिँदै आएको प्रमुख खनालले बताए । यहाँका स्थानीय सरकारले समेत युवा लक्षित कार्यक्रममार्फत युवाहरूलाई कृषिमा जोड्दै आएका छन् ।

**कृषिमुखी नीति**

जिल्लाका रिब्दीकोट गाउँपालिका, रैनादेवी छहरा गाउँपालिका, बगनासकाली गाउँपालिका, रामपुर नगरपालिका, तानसेन नगरपालिका, निस्दी गाउँपालिका, रम्भा गाउँपालिका, पूर्वखोला गाउँपालिका, तिनाउ गाउँपालिका, माथागढी गाउँपालिकाले आफ्नो नीति तथा कार्यक्रममै कृषिलाई प्राथमिकता दिएका छन् । कृषिबाटै आमनागरिकको आर्थिक समृद्धि हुने भएकाले कृषिलाई प्राथमिकतामा राखेर काम गर्दै आएको रिब्दीकोट गाउँपालिकाका अध्यक्ष नारायणबहादुर कार्कीले बताए । उनले भने "हामीले विशेष गरी अकबरे खुर्सानी, बेसार र अन्य मौसमी, बेमौसमी तरकारीलाई बढी प्राथमिकता दिएका छौँ ।" युवा कृषकहरू समेत उत्साहित भएर व्यावसायिक कृषिमा लागेको अध्यक्ष कार्कीले बताए । स्थानीय सरकारबाट विउविजन, अनुदानका कार्यक्रमले कृषकहरू व्यावसायिक रूपमा आकर्षित भएको उनको भनाई छ । यहाँ बजारीकरणको समस्या समेत नभएको अध्यक्ष कार्कीले बताए । उनले भने "कृषकले उत्पादन गरेका कृषि उपज स्थानीय सहकारीमार्फत बजारीकरणको व्यवस्था गरेका छौँ ।" जिल्लाका अन्य स्थानीय तहमा समेत बजारीकरणको कुनै समस्या नभएको सम्बन्धित स्थानीय तहका कृषकहरू बताउँछन् । यहाँ कतिपय स्थानमा युवाहरूले सामूहिक कृषि गरेका छन् भने केहीले एकल रूपमै व्यवसाय सञ्चालन गर्दै आएका छन् ।

## खेलकुद समाचार

# नेपाल भियतनामसँग ३-१ गोल अन्तरले पराजित



**काठमाडौं,** असोज २४/एएफसी एशियन कप छनोटमा नेपाल भियतनामसँग ३-१ गोल अन्तरले पराजित भएको छ । यो सँगै नेपालको अघिल्लो चरणको यात्रा निकै कमजोर बनेको छ । एशियन कप छनोटमा नेपालको यो लगातार तेस्रो हार हो । हिजो भएको खेलको नवौं मिनेटमा नै घरेलु टोली भियतनामले अग्रता लियो । भियतनामका ट्रोङ टियन एनको पासमा न्युगेन हाय लोङले बक्स भित्रबाट गोल गरे । खेलको १७औं मिनेटमा नेपालका रोहन कार्कीको सहयोगमा सनिश श्रेष्ठले गोल गरे । भियतनामसँगको तेस्रो खेलमा नेपालले गरेको यो पहिलो गोल हो । पहिलो हाफको इन्जुरी समयमा नेपाल १० खेलाडीमा समेटियो । डि बक्स नजिकै नेपालका मिडफिल्डर लाकेन लिम्बूले भियतनामका न्युगेन हायलाई फाउल गरेका थिए । लाकेनलाई रेफ्रीले रातो कार्ड दिए । पहिलो हाफ १-१ को बराबरीमा सकियो । दोस्रो हाफपछि खेलको ६७औं मिनेटमा भियतनामले २ गोल गर्यो । खेलको ७२औं मिनेटमा न्युगेन हायले गोल गरे । यो सँगै भियतनामले नेपालमाथि ३-१ को सहज निकाल्यो । यसअघि सन् २००४ को एसियन कप छनोटको नेपालले पहिलो खेलमा ५-० र दोस्रो खेलमा २-० को हार बेहोरेको थियो ।


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस्

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# सुनको मूल्यमा सामान्य गिरावट




**पाल्पा,** असोज २४/सुनको मूल्यमा सामान्य गिरावट भएको छ । बिहीबारको तुलनामा एक तोला सुन चार हजार २०० ले सस्तो भएको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासैका अनुसार बिहीबार दुई लाख ३९ हजार २०० मा कारोबार भएको एक तोला सुनको मोल शुक्रबार चार हजार २०० ले घटेर रु दुई लाख ३५ हजार कायम भएको छ । चाँदीको मूल्य भने बढेको छ । बिहीबार एक तोला चाँदी तीन हजार २५ मा खरिदबिक्री भएकामा शुक्रबार त्यति नै परिमाणको चाँदी तीन हजार ८५ मा क्रयविक्रय भइरहेको महासैले जनाएको छ । अन्तरराष्ट्रिय बजारमा एक औँस सुन तीन हजार ५८ अमेरिकी डलरमा कारोबार भइरहेको अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

# सामूहिक खेतीबाटै...

...घरको जमिनमा गरेको खेती घरमै राख्ने तर सामूहिक गरेको खेतीको आम्दानी समूहमा राख्ने गरेको बताईन् । गत वर्ष सामूहिक खेती गरेको धान बिक्री गरेर रु ६० हजार, आलु बिक्रीबाट रु २० हजार, ब्रोकाउली बिक्रीबाट रु १२ हजार १५०, तरकारीका बेर्ना बिक्रीबाट आठ हजार ३००, काउली बिक्रीबाट चार हजार ५००, प्याजको बेर्ना बिक्रीबाट तीन हजार, गहुँ बिक्रीबाट रु १२ हजार आम्दानी भएको उनले बताईन् । समूहमा काम गर्न थालेपछि रु एक लाख १९ हजार ९५० आम्दानी भइसकेको छ उनले भनिन् । पन्ध्र क्विन्टल प्याज थियो, त्यो बिक्री भइरहेको छ । सामूहिक खेती गर्न धेरै सजिलो भएको छ, समयमा खेताला नपाइने र जनशक्ति कम भएका बेला सामूहिक खेतीले सहज भएको उनको भनाइ छ । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले बङ्गुरपालनका लागि खोर बनाउन रु १० लाख बजेट सहयोग गरेको उनले बताईन् । अध्यक्ष चौधरीले समूहका सबै सदस्यले वित्तीय साक्षरता सिकेर बचत गर्न, लगानी गर्न, ऋण व्यवस्थापन गर्न, आम्दानी र खर्चमा योजना बनाउने गरेको बताईन् । उनले भनिन्, "सामूहिक काम गर्दा छिटो र छरितो हुने गरेको छ, खेताला लगाउन नपर्ने सजिलै काम सकिने भएको छ ।" पशुसेवा विज्ञ केन्द्रका सूचना अधिकारी कृष्ण न्यौपानेले लक्षित वर्गका लागि आएको बजेट महिला समूहलाई दिएको बताईन् । महिलाहरूको आयआर्जनमा टेवा पुर्याउने उद्देश्यले सहयोग गरेको बताईन् । *-रासस*

# हार्दिक समवेदना



| | | |
|---|---|---|
| जन्म | | स्वर्गारोहण |
| वि.सं. २०२४/०७/२९ | | वि.सं.२०८२/०६/१३ |

**स्व.मधु कार्की**

परियार समाज गुठी तानसेन पाल्पाका सचिव सुजन कार्कीको ममतामयी माता एवम गुठीका सदस्य शिवलाल कार्कीको **धर्म पत्नि मधु कार्की**को मिति २०८२ असोज १३ गते सोमबारका दिन ५८ वर्षको उमेरमा भएको दुःखद् निधनले यस गुठी परिवार स्तब्ध भएको छ । साथै यस दुःखद् घडीको आज १३ औं पूण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामनासँगै **हार्दिक श्रद्धाञ्जली** तथा शोकाकूल परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

| कोषाध्यक्ष | उपाध्यक्ष | अध्यक्ष |
|---|---|---|
| सन्जु दर्नाल | दिपक रणपाल | तीर्थप्रसाद गौतम |

एवं

**परियार समाज गुठी परिवार**

तानसेन, पाल्पा


**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**



जंनचेतना दैनिकको आधिकारीक वेबसाईट

शितलपाटी .कम

www.shittalpati.com

डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई